स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विभिन्न कारणले बेलाबेलामा चर्चाको विषय बन्दै आएकी गायिका एलिना चौहान फेरि चर्चामा छाएकी छन् । यतिबेला उनको चर्चाको विषय रुँदै गरेको एक भिडियोको भएको छ । जसलाई उनले मंगलबार इन्स्टाग्राममा राखेकी थिइन् । रुँदै गरेको भिडियोमा उनको अनुहारमा नीलडाम देख्न सकिन्छ । भिडियो हिन्दी गीत 'थारा पैसा, थारी दौलत, थारी गाडी, थारी नाम, थारा बंगला, थारा काम, तुम्ही रखो रे'मा बनाएकी छन् ।

**आजको विचार...**



आर्थिक...
(दुई पेजमा)

डा. राजु लौडारी



अभिनेत्री प्रियंका कार्की अभिनित फिल्म नआएको धेरै भयो । आमा बनेपछि उनले ठुलो पर्दामा काम गरेकी छैनन् । तर सानोपर्दाको म्युजिक भिडियो र वेब सिरिजमा भने उनी काम गर्दै आएकी छन् । यस्तैमा उनले आमा बनेपछि काम गरेको वेब सिरिज 'साहु बा' साउनबाट प्रसारणमा आउने भएको छ । जसको छायांकन तीन वर्ष पहिलादेखि सुरु भएको थियो । त्यतिबेला प्रियंकाले छोरीलाई जन्म दिएको ७ महिना मात्रै भएको थियो । त्यसैले यो सिरिज छायांकनको उनीसँग सुखद भन्दा पनि दुखद अनुभव बढी छ ।

❒ वर्ष २९ ❒ अंक ३१४ ❒ २०८१ जेठ ३१ गते विहिबार 13 June 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### रूखबाट लडेर घाइते भएकी महिलाको मृत्यु



**स्याङ्जा,** जेठ ३०/स्याङ्जामा रूखबाट लडेर घाइते भएकी महिलाको मृत्यु भएको छ ।

बुधबार बिहान अन्दाजी ७ बजे चापाकोट नगरपालिका-७ साँखर बस्ने ३५ वर्षीय सिर्जना ढकाल रूखबाट लडेकी थिइन् । आफ्नै बारीमा रहेको पिपलको रूखमा चढेर घाँस काट्ने क्रममा लडेर घाइते भएकी उनको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका डिएसपी इन्द्रबहादुर रानाले जानकारी दिए । घाइते ढकाललाई उपचारको लागि रामपुर अस्पताल पाल्पा लगिएको थियो । उपचारको क्रममा चिकित्सकले बुधबार बिहान उनलाई मृत घोषणा गरेका थिए ।

# पाल्पामा फौजी किराबाट मकै जोगाउन मुस्किल


## अनिकालले सताउने हो कि भन्ने चिन्तामा किसान

संगीता आचार्य

**पाल्पा,** जेठ ३०/जिल्लाको बगनासकाली गाउँपालिका -१ चिलाङ्दीका नारायण रानाले घर नजिकैको बारीमा मकै खेती गरेका छन् । तर उनलाई यस बर्ष अनिकालले सताउने हो कि भन्ने चिन्ता लाग्न थालेको छ । मकै खेती गरेको जमिनमा अमेरिका फौजी किराको प्रकोप बढेपछि उनलाई चिन्ता थपिएको हो । रानाले 'हाम्रो तिर विगतका वर्षमा यस्तो प्रकोप थिएन ,गत बर्ष खडेरीले मकै भएन अहिले फौजी किराले सखाप पार्ला जस्तो छ ।'

उनको प्रमुख पेसा कृषि हो । आफुले लगाएको खेतीपातीमा रोग लाग्दा लगानी समेत नउठ्ने उनले बताए । 'मकै छर्दादेखि थन्काउँदासम्म ३०/४० हजार रुपैयाँ लाग्छ, मकै हुने नहुने थाहा छैन' उनले भने । उनको जस्तै सोही ठाउँकी सीता न्यौपानेको पनि उस्तै छ । 'रोग नलाग्दा खान पुग्थ्यो । यहीबाट नुन तेल समेत खरिद गर्दथ्यौं । रोग लागेपछि के खाने कसो गर्ने भन्ने भएको छ' न्यौपानेले भनिन् 'यसलाई कसरी





निर्मूल गर्न सकिन्छ ? हामीलाई उपचारको खाँचो छ ।' बारीमा लगाएको सबै मकै फौजी किराले खाइदिएको नव जनचेतनासँग उनले गुनासो गरिन् । 'मेरो मात्र होइन, गाउँका प्राय: सबैको मकैमा फौजी किराको प्रकोप छ,' न्यौपानेले भनिन्, 'यसका लागि उपाय खोजी गरिँदै छ ।' गत वर्ष पनि मकैबालीमा फौजी किराको प्रकोप देखिएपछि कृषि ज्ञान केन्द्रबाट विषादी उपलब्ध गराएको थियो । तर यसवर्ष औषधि नपाएको उनको गुनासो छ । यस्तै तिनाउ गाउँपालिका नयाँपाटीकी हरीकला पाण्डेले पनि फौजी किराले मकै खेतीमा सताएको बताइन् । 'एक रातमै किराले सत्यानासै बनायो,' उनले भनिन्, 'यसको औषधिमूलोका लागि सहयोगको खोजीमा छु ।' फौजी किराले मकैमा समस्या निम्त्याएको छ । किराले भर्खरै हुर्कन लागेको मकैका बोटहरु नष्ट गरेको छ । जेठ १५ गतेदेखि पाल्पामा छिरेको फौजी किराले जिल्लाको तिनाउ, बगनासकाली,रम्भा,पूर्वखोला रिब्दीकोट लगायतका स्थानीय तहमा किसानले लगाएको मकैमा क्षति गर्न थालेपछि किसानहरु चिन्तित बनेका छन् । पाल्पाको मुख्य खाद्यान्न बालीका रूपमा रहेको मकैमा फौजी किराको प्रकोप बढेको कृषि ज्ञान केन्द्रका कृषि प्रसारण अधिकृत सुरत पालले बताए । उनले बजेट अभावले अहिले प्रकोप नियन्त्रणका योजना बनाउन नसकिएको जनचेतनासँगको कुराकानीमा बताए ।

फौजी किराको प्रकोप देखिएपछि भर्खरै उम्रेका साना मकैको गुभामा गई मकैको स्विइराहरु खाने र हुर्केका मकैको बोट किराले सखाप पारेको किसानले बताएका छन् । जिल्लाका अधिकांश स्थानमा लगाएको मकैबालीमा फौजी किराको प्रकोप देखा परेकोले यो वर्ष मकै उत्पादनमा ह्रास आउने देखिएको छ । अमेरिकन फौजी किरा (फल आर्मीवर्म) मकै बालीमा लाग्ने पुतली समूहअन्तर्गत पर्ने किरा हो । यसको वैज्ञानिक नाम स्पोडोप्टेरा फ्र्युगिपेर्डा हो । यो राति चर्न मन पराउँछ । अमेरिकी महादेशको उष्ण तथा उपोष्ण क्षेत्रमा पाइने रैथाने किरा भारत हुँदै नेपाल छिरेको थियो । सिफारिस नगरिएको रासायनिक विषादी प्रयोग गर्दा सही विषादी पनि प्रभावहीन हुन सक्ने किट विज्ञ बताउँछन् ।

# राष्ट्रपति पौडेल जेनेभामा



**पाल्पा,** जेठ ३०/ राष्ट्रपति रामचन्द्र पौडेल स्वीट्जरल्याण्डको जेनेभा पुगेका छन् । जेनेभामा आयोजना हुने अन्तर्राष्ट्रिय श्रम सम्मेलनको ११२ औं अधिवेशनमा सहभागी हुन राष्ट्रपति पौडेल जेनेभा पुगेका हुन् ।

मंगलबार काठमाडौंबाट प्रतिनिधिमण्डलसहित कतारको दोहा प्रस्थान गरेका राष्ट्रपति बुधबार बिहानमात्रै त्यहाँबाट जेनेभा प्रस्थान गरेका थिए । उनले आज जेठ ३१ गते अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को आयोजनामा हुने अन्तर्राष्ट्रिय श्रम सम्मेलनको उच्चस्तरीय सत्र अन्तर्गतको 'सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धन' ( ग्लोबल कोलिसन फर सोसल जस्टिस)को उद्घाटन मञ्चलाई प्रमुख वक्ताका रुपमा सम्बोधन गर्ने कार्यक्रम रहेको छ । आज नै राष्ट्रपति पौडेलसँग अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)का महानिर्देशक गिल्बर्ट एफ होग्डबोले शिष्टाचार भेट गर्ने कार्यक्रम तय भएको छ ।

यसैगरी राष्ट्रपति पौडेलले बुधबार स्विस महासंघका राष्ट्रपति भिओला आमहर्डसँग द्विपक्षीय वार्ता गरेका छन् । स्विट्जरल्यान्डको भ्रमणपछि राष्ट्रपति पौडेल आगामी असार १ गते जेनेभाबाट रोयल डच एयरलाइन्स मार्फत जर्मनीको बर्लिन प्रस्थान गर्ने राष्ट्रपति कार्यालयको सचिवालयले जनाएको छ । राष्ट्रपति पौडेलले संघीय गणतन्त्र जर्मनीका राष्ट्रपति फ्रैंद्र-वाल्टर स्टाइनमायेरको निमन्त्रणामा जर्मनीको औपचारिक भ्रमण गर्न लागेका हुन् । राट्रपति पौडेलले जर्मनीका विभिन्न सरकारी र नीजि क्षेत्रका उच्च पदस्थ व्यक्तिहरुसँग भेट गरी असार ५ गते स्वदेश फर्कने जनाइएको छ ।

# रामपुरको नीति तथा कार्यक्रममा कृषि र पर्यटनलाई जोड दिन सुझाव

**पाल्पा,** जेठ ३०/जिल्लाको रामपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि बनाउन लागेको नीति तथा कार्यक्रममा कृषि र पर्यटनलाई जोड दिन सरोकारवालाहरुले सुझाव दिएका छन् । नगरपालिकाले आयोजना गरेको सल्लाहकार र पत्रकारहरुसँग नीति तथा कार्यक्रमका लागि सुझाव संकलनसँगै छलफल कार्यक्रममा सहभागीहरुले कृषि र पर्यटनलाई जोड दिन सुझाव दिएका हुन् ।

दिगो विकास र समृद्धिको आधार नै कृषि र पर्यटन रहेको बताउँदै उनीहरुले नीति तथा कार्यक्रममा उक्त क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने



बताएका छन् । स्वरोजगार र आर्थिक समृद्धिका लागि नगरको पर्यटन क्षेत्रको पहिचानसँगै विस्तार र विकासमा जोड दिन सहभागीहरुले सुझाए । कार्यक्रममा रामपुर नगरपालिकाका पूर्व उपप्रमुख विष्णुदेवी घिमिरे आचार्यले पर्यटन लगाएत अन्य व्यवसायको प्रवर्द्धन गर्ने नीति अवलम्वन गर्न आवश्यक रहेको औंल्याइन ।

उनले धार्मिक तथा पुरातात्विक महत्व बोकेका क्षेत्रको विकाससँगै पर्यटन प्रवर्द्धन गर्नु पर्नेमा जोड दिइन् । नगरपालिकाका सल्लाहकार सदस्य तथा नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सदस्य विष्णुमाया ढकालले पर्यटनको विकाससँगै राजश्व वृद्धि हुने क्षेत्रमा लगानी बढाउन सुझाव दिईन् । उनले हरेक विद्यालयमा प्रदान गरिने शिक्षालाई व्यवहारिक बनाई फरक शिक्षा नीति लागु गर्न आग्रह गरिन् ।

**बाकिँ अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## नारामै सीमित बालश्रम अन्त्य

**बालश्रम विरुद्धको विश्व दिवस बुधबार विभिन्न कार्यक्रम गरी मनाइएको छ । यो दिवस हरेक वर्षाको जुन १२ का दिन संसारभर मनाउने गरिन्छ छ । सन् २०२५ सम्म सबै किसिमका बालश्रम अन्त्य गर्ने लक्ष्यका साथ अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)का आह्वानमा सन् २००२ देखि यो दिवस मनाइने गरिएको हो । विभिन्न राजनीतिक दल तथा सरोकारवाला संघसंस्थाहरुले हरेक वर्ष विभिन्न नारा तय गरी बालश्रम अन्त्य गर्ने उद्घोष गर्दछन् । तर त्यसले सार्थकता भने पाउन सकेको छैन । अझै पनि सडक बालबालिका, बाल मजदुर, होटल तथा रेस्टुरेन्टका बालश्रमिक र सवारी साधनमा काम गर्ने बालबालिकाका दुःख, पीडा र यातना उस्तै छन् । राजनीतिक दलका नेताले सार्वजनिक रुपमा भाषण र आफ्ना पार्टीका घोषणापत्रमा जतिसुकै बालश्रम अन्त्य गर्ने प्रतिवद्धता व्यक्त गरेपनि बालश्रम ज्यूँका त्यूँ छ । हरेक दिनजसो बालश्रम सम्बन्धी घटनाहरु घटिरहेका छन् ।**

**अहिले बालश्रम मानव विकासका लागि एक प्रमुख अवरोध मात्र होइन समृद्धिका लागि प्रमुख चुनौती समेत बनेको छ । बालबालिकालाई शारीरिक र मानसिक असर पर्नेगरी दवाबमा कुनै पनि काम लगाउनु हुँदैन भनिए पनि व्यावहारिक रुपमा त्यो लागू हुन नसक्नु दुखद् हो । बालश्रम गराउनु भनेको शोषण हो एकप्रकारको दासत्वा पनि हो । तर यो कुरा मनन् गरिएको छैन ।**

**दिवस मनाई रँहदा लाखौँको संख्यामा बालबालिका घरेलु श्रमिकका रुपमा कार्यरत रहेका छन् । मोटरसाईकल मर्मत गर्ने वर्कसप होस् वा होटल रेष्टुरेन्ट, सवारी साधन होस् वा कलकारखाना जताततै बालबालिकालाई बालश्रममा लगाइएको छ । बालकलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाएमा वा बालकको इच्छा विरुद्धमा कसैले काममा लगाएमा एक वर्षसम्म कैद वा पचाँस हजार रुपैँयासम्म जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था भए पनि त्यसको उचित कार्यान्वयन हुन सकेको छैन । बालअधिकारको क्षेत्रमा समर्पित भएर लागेका संस्था हुँदै नभएका भने होइन । तर यहाँ राम्राभन्दा नराम्रोको नै बढी बोलवाला देखिने गरेको छ । बालबालिकाको दुःख र उनीहरुको अवस्था हाम्रा कतिपय समाजसेवीको लागि दुहुनो गाई भएका छन् । जब सम्म बालमैत्री शासन र बालअधिकारको सुनिश्चितताको लागि घर परिवारदेखि विद्यालयसम्मको वातावरण अनुकुल बनाउन सरोकार पक्षको व्यवहारिक प्रतिवद्धता रहँदैन तबसम्म बालश्रम अन्त्य गर्ने नारा नारामै सिमित हुने निश्चित छ ।**

## Opinion @ Social Network

तस्बिरमा त अनुहारको दाग देखिदैन भने,
मुस्कान भित्र लुकेको व्यथा के देख्थ्यो दुनियाँले ।

*(दिनेश रेश्मीको फेसबुक स्टाटस https://www.facebook.com/reshmi.Dinesh054)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आर्थिक विकासको लक्ष्य प्राप्तिमा कहाँ चुक्यो राज्य ?



**डा. राजु लौडारी**

नेपालमा २०४६ साल पछिको प्रजातान्त्रिक अभ्याससँगै विगत ३५ वर्षमा यातायात, विद्युत, दूरसञ्चार, शिक्षा तथा स्वास्थ्यका पूर्वाधारहरूमा भएको विकास नजरअन्दाज गर्न मिल्दैन।

यसो भए पनि आर्थिक वृद्धिदर, विकासका कामको गुणस्तर, आत्मनिर्भरताको अवस्था, मानवस्रोत विकास तथा उपयोग र प्राकृतिक स्रोतको उपयोगको अवस्था नियाल्दा चित्त बुझाउने ठाउँ छैन ।

यो लेखमा आर्थिक विकासका लक्ष्य प्राप्त गर्ने प्रक्रियामा राज्यले कहाँनिर विचार पुऱ्याउन सकेन भनेर खोतल्ने प्रयास गरको छु तर यही नै पूर्ण होइन । अनुभव र अनुसन्धानका आधारमा केही सूक्ष्म विषय मात्र उठाएको छु । सरकारका आवधिक विकास योजना र वार्षिक कार्यक्रमका उद्देश्य तथा लक्ष्यहरू सुन्नमा कम राम्रा छैनन्, लोकप्रिय पनि छन् तर लक्ष्य कहिल्यै हासिल हुन सकेन । हामी कहाँ चुक्यौं त ? विगतका आवधिक योजनाले लिएका लक्ष्य र प्रगतिको अवस्था थोरै हेरौं । सातौं योजना (२०४२/४३-४६/४७) र २०४९ देखि २०५४ को आठौं योजनामा ४ देखि ५ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य राखिएकोमा लक्ष्यको नजिक उपलब्धि भएको थियो । २०५४ देखि २०५९ को नवौं र २०५९ देखि २०६४ को दसौं योजनामा ६ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धिको लक्ष्य राखिएकोमा करिब आधा (३.५ प्रतिशत) मात्र प्राप्त हुन सक्यो । २०६४ देखि २०६७ को एघारौं योजनाले ५.५ प्रतिशत वृद्धिदरको लक्ष्य लिएकोमा करिब ४.५ प्रतिशत हासिल भएको थियो ।

बाह्रौं र तेह्रौं योजनामा आर्थिक क्रियाकलाप निकै सुस्तायो । बाह्रौं योजना (२०६७/६८-२०६९/७०) मा ५.५ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य लिएकोमा ४ प्रतिशत हासिल भयो । तेह्रौं योजनामा ६ प्रतिशत वृद्धिदरको लक्ष्य थियो तर २.९ प्रतिशत मात्र हासिल भयो । भूकम्पपछिको पुनर्निर्माणको काममा प्रथमिकता दिनुपर्ने चौधौं योजनामा ७.२ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य थियो, ६.९ प्रतिशत हासिल भयो। यो नै विगत ३५ वर्षको सबैभन्दा उच्च आर्थिक वृद्धिदर थियो । हाल सम्पन्न हुने चरणमा रहेको पन्ध्रौं याजना ले महत्वाकांक्षी ढंगले १०.३ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य लिएको भए पनि ३ प्रतिशतभन्दा कम हासिल हुने संकेत तथ्यांकहरूले गरेका छन् । नवौं र दशौं योजना अवधिमा देशमा सशस्त्र द्वन्द्व चलेको थियो। चरम राजनीतिक र सामाजिक अस्थिरताले आर्थिक विकासमा नकारात्मक असर पारेको थियो। बाह्रौं र तेह्रौं योजना अवधिमा संविधान बनाउन राजनीतिक दलहरूले रस्साकस्सी गर्दा आर्थिक विकास छायामा परेको थियो । सबभन्दा पछिल्लो पन्ध्रौं योजना अवधिको सरूमा कोरोना महामारी तथा पछिल्ला वर्षहरूमा संघ र प्रदेशमा पटकपटक सरकार परिवर्तनका कारण विकासका कामले गति लिन नसकेको देखिन्छ । छिमेकी देश भारतले विगत २० वर्षमा निरन्तर ६ प्रतिशतमाथिको र चीनले विगत ३० वर्षमा ६ देखि १३ प्रतिशतसम्मको आर्थिक वृद्धिदर हासिल गरेका छन् । यता नेपालले औसतमा ३ प्रतिशत मात्र हासिल गरेको छ । यस यथार्थले नेपालले छिमेकी मुलुकबाट सिक्न र लाभ लिन नसकेको देखाउँछ । अब आगामी वर्ष ( २०८१/८२) को बजेट तथा कार्यक्रमको छोटो विश्लेषण गरौं ।

सरकारले चालु आर्थिक वर्ष (२०८०/८१) को संशोधित खर्च अनुमानभन्दा करिब २३.५ प्रतिशत बढी रकमको स्रोत जुटाएर कार्यान्वयन गर्ने गरी निकै महत्वाकांक्षी बजेट ल्याएको छ । स्रोत परिचालन र कार्यान्वयन तथा अनुगमनको ढाँचामा निर्मम सुधार गर्न नसके १६ खर्बभन्दा बढी खर्च हुन सक्ने देखिँदैन । विगत वर्षहरूको वास्तविक राजस्व संकलन, वैदेशिक अनुदान प्राप्ति, आन्तरिक र वैदेशिक ऋृण परिचालन तथा वास्तविक खर्चको अध्ययनले यस्तै देखाएको छ । यस्तो अवस्थामा २ खर्ब ६० अर्बभन्दा बढी लगानी गर्न प्रस्ताव गरिएका आयोजनाहरू कार्यान्वयन हुन सक्दैनन् वा निर्माणाधीन आयोजनाहरूमा उक्त रकम बराबरको स्रोत परिचालन हुन सक्दैन । आयोजनाहरू अधुरै रहन्छन् । अधुरा आयोजना सम्पन्न गर्नुभन्दा बढी आयोजनाहरूमा बजेट छर्ने र ठूलो संख्यामा आयोजना थप्दै जाने विगतको प्रवृत्तिलाई आगामी आर्थिक वर्षको बजेटमा पनि निरन्तरता दिइएको छ । यस्तो अवस्थामा परम्परागत कमीकमजोरी तोड्न सक्दा मात्र बजेटको कार्यान्वयन सफल हुन सक्छ । बजेट तथा कार्यक्रमले बाह्य र आन्तरिक लगानी बढाउन, उत्पादन र उत्पादकत्व बढाउन, रोजगारीका अवसर बढाउन र आर्थिक असमानता घटाउन सक्दा मात्रै लक्ष्य प्राप्त गर्न वा लक्ष्यको नजिक पुग्न सकिन्छ। यस बजेटमा अनुसन्धान कोष स्थापना गर्ने कार्यक्रम राखिएको छ जो प्रशंसनीय छ । कार्यान्वयनका लागि कानुन, संस्थागत संरचना र कार्यान्वयन प्रक्रिया तय गर्न त बाँकी नै छ । उच्चतम आर्थिक वृद्धिदर हासिल गरिरहेका देशहरूले अनुसन्धान र विकासमा बुद्धिमत्तापूर्ण लगानी गर्ने गरेका छन् । देशका विश्वविद्यालयहरू नै अनुसन्धानका केन्द्र हुन् तर सैद्धान्तिक पक्षलाई प्राथमिकता दिइरहेको हाम्रो शैक्षिक प्रणालीमा रूपान्तरणकारी परिवर्तन नभई व्यावहारिक अनुसन्धान गर्न कठिन हुनेछ । हामीले सबभन्दा पहिला अनुसन्धान बलियो बनाउन आवश्यक छ। यसका लागि देशको शैक्षिक प्रणाली अनुसन्धानात्मक र व्यावहारिक बनाउन उत्तिकै आवश्यक छ । अनुसन्धान कोषको सदुपयोग गरी तत्काल तीनवटा क्षेत्रमा गहन अनुसन्धान र प्राप्त निष्कर्षका आधारमा सुधार गर्नु आवश्यक छ । एक, विकास निर्माणको काममा सम्बन्धित निकायहरूका बीच समन्वयात्मक ढंगले काम गर्न अध्ययन-अनुसन्धान आवश्यक छ । समन्वय हुन सके खर्च र समय बचत हुनेछ । अनुसन्धानले समन्वयात्मक रूपमा काम गर्न सुधार गनुपर्ने पक्षहरू पत्ता लगाउनुपर्छ । दुई, आयोजना अधुरा रहनुको कारण र परिणाम स्वरूप वृद्धि हुने खर्चको असरबारे अनुसन्धान आवश्यक छ। यो अनुसन्धानले समस्या समाधानका उपायहरू पहिल्याउनुपर्छ । तेस्रो, प्राविधिक बाहेकका परामर्श सेवा प्राप्तिको स्रोतबारे अनुसन्धान हुनुपर्छ । उपयुक्त विज्ञता भएका सेवानिवृत्त व्यक्तिहरूले कुन कुन क्षेत्रमा कसरी योगदान गर्न सक्छन्, त्यसको खोजी गरेर देशमा भएको जनशक्ति अधिकतम उपयोग गर्नुपर्छ ।

आर्थिक वृद्धिमा योगदान पुऱ्याउन गर्नुपर्ने तयारी तथा कार्यान्वयन चरणमा गर्नुपर्ने सुधारका सम्बन्धमा पनि चर्चा गर्न चाहन्छु । करिब १८ वर्षअघि थाइल्यान्डका केही गाउँ घुम्दा त्यहाँको ग्रामीण औद्योगिकीकरणको नमूना देख्न पाएको थिएँ । जहाँ जुन वस्तुको सम्भावना छ, त्यहाँ त्यही उत्पादन, प्रशोधन र लेबलिङ गरेर देश-विदेशका बजारमा बेच्ने व्यवस्था मिलाइएको रहेछ ।

नेपालका धेरै गाउँमा बुढापाकाहरू मात्र छन्, जमिन बाँझो रहन थालेको छ । यो अवस्थामा नेपालले मानवस्रोत विकास र उपयोग, जमिनको सदुपयोग, उत्पादनमा आधुनिकीकरण तथा उत्पादनको बजारीकरणमा धेरै काम गर्न बाँकी देखिन्छ । आयोजना छनौट गर्दा र योजना बनाउँदा प्राविधिक सम्भाव्यता, रोजगारी सिर्जना, प्रतिफल तथा बजारीकरणमा ध्यान दिनु आवश्यक हुन्छ । महिला, गरिब तथा पिछडिएको वर्गलाई पार्ने प्रभाव विश्लेषण गर्नुपर्छ । प्रस्तावित आयोजनाभन्दा अर्को विकल्पले फरक पार्ने लाभको परिमाण, समुदायको आवश्यकता, माग, विपद् तथा जलवायुको असरबारे पनि विश्लेषण भएको हुनुपर्छ ।

ऋृणबाट कार्यान्वयन हुने आयोजनाको हकमा साँवाब्याज तिर्न सक्ने सम्भावना पनि राम्ररी केलाएको हुनुपर्छ । यसरी पूर्ण तयारीका साथ प्रस्ताव गरिएका आयोजनाहरू निर्धारित अवधिमै सम्पन्न हुने र दिगो बन्ने गरेको अनुभव छ । संघ तथा प्रदेशमा पटकपटक सरकार परिवर्तन हुँदा उल्लिखित वस्तुस्थितिको गहन अध्ययन र विश्लेषण नगरी नयाँ आयोजनामा वार्षिक बजेट दिने हालको अभ्यासले आयोजनाहरू अधुरै छाड्छ । अपेक्षित प्रतिफल दिन सक्दैन । हामी वर्षौंदेखि यस्तै समस्या भोग्दै छौं तर समाधानको प्रयास भएको छैन । आयोजनाका लागि ठेकेदार छनौट गर्दा पनि ध्यान दिन आवश्यक छ । निर्धारित समयमा निर्धारित गुणस्तरको काम गराउन सार्वजनिक खरिद ऐन र नियममा परिमार्जन आवश्यक छ। आयोजना प्रमुख र कर्मचारी प्रतिस्पर्धाको आधारमा खटाउनुपर्छ । नीति निर्माणमा र उच्च कार्यकारी तहमा रहेका अधिकारीको मन लोभीपापी हुनु हुँदैन । कामको प्रगतिलाई आधार मानेर कर्मचारीको मूल्यांकन गर्ने परिपाटी आवश्यक छ । यसैअनुसार पुरस्कार र दण्डको प्रबन्ध गर्नुपर्छ । विकास निर्माणका नयाँ काम गर्दा वा मर्मतसम्भार गर्दा, सम्बन्धित निकायहरूका बीचमा समन्वय हुन उत्तिकै आवश्यक छ । हाम्रो देशमा सबैभन्दा ठूलो समस्या यसमै छ र कहिल्यै सुधार पनि हुन सकेको छैन ।

सडकमा ढल, खानेपानी, दूरसञ्चारको काम पालैपालो चलिरहन्छ । भत्काउने र बनाउने काम सधैँ भइरहेको हुन्छ तर समन्वयको प्रयास भएकै हुँदैन । आयोजनाको अनुगमन केवल अवलोकनमा सीमित हुने गरेको छ । अनुगमनको यस्तो कमजोर अभ्यासले लक्ष्यअनुसार काम नहुने प्रवृत्ति विकास भएको छ । निर्धारित समयमा काम सकिँदैन, बजेट थप्नुपर्छ, गुणस्तर राम्रो हुँदैन । यस्तो अवस्थामा पनि दण्डजरिवाना हुँदैन । आयोजनाहरूको उचित मूल्यांकन गर्ने र सिकाइबाट भविष्यमा सुधार गर्ने अभ्यास त छँदै छैन । मूल्यांकनलाई कार्यक्रम तथा आयोजनाको गहिरो अनुसन्धानका रूपमा लिन आवश्यक छ ।

प्रणालीबद्ध मूल्यांकनले मात्र कार्यक्रम र आयोजनाहरू प्रभावकारी बनाउन सकिन्छ, कानुन र नियममा परिमार्जनको क्षेत्र पहिचान गर्न सकिन्छ । यसरी मात्र दिगो र उच्चतम लाभ हासिल गर्न सकिन्छ । प्रधानमन्त्री र मन्त्रीहरूले जताततै कर्मचारीहरूलाई निर्देशन दिने परम्परा छ । यो त देखावटी मात्र हो । काम गर्दै छु भनेर देखाउने रणनीति हो । यस्तो निर्देशनको कुनै अर्थ हुँदैन । काम ऐन, नियम, निर्देशिका, कार्यविधि आदिका आधारमा हुने हो । यी पक्षहरू बलियो बनाउने र कार्यान्वयन गराउने जिम्मेवारी राजनीतिक नेतृत्वको हो। अर्थनीति र राजनीति अन्तर्सम्बन्धित हुन्छन् । राजनीतिक नेतृत्व परिपक्व र विवेकशील नहुँदासम्म अर्थतन्त्रमा सुधारहुँदैन, अर्थतन्त्र दिगो हुँदैन । राजनीतिक नेतृत्व सच्याउने जिम्मा नागरिकमा छ ।

यस अर्थमा देशका राजनीतिक दल र तिनका कार्यकर्तालाई दोष दिएर हामी आमनागरिक पानीमाथिको ओभानो हुन सकिँदैन । स्थानीय तह, प्रदेश र संघका जनप्रतिनिधिहरूले नै कानुन र नियम बनाउने हुन् । कार्यान्वयन तीनवटै तहका सरकारहरूले गर्ने हुन्। अब सुशासनबाट अर्थतन्त्र सुधार गर्न तीनवटै तहको समन्वय र प्रभावकारिता आवश्यक छ । हामी हाम्रा दुई छिमेकी देश र दक्षिणपूर्वी एसियाका देशहरूको अनुभवबाट पनि सिक्न सक्छौं तर सिक्ने तत्परता चाहिएको छ। कार्यान्वयनमा दृढता र इमानदारी चाहिएको छ। राज्यका अवयवहरू सुदृढ हुन आवश्यक छ । यसो हुन सके सोह्रौं आवधिक योजनाबाट नेपालीहरूमा आशा जगाउने गरी उपलब्धि हासिल हुन सक्छ। दुई अंकको आर्थिक वृद्धिदर हासिल भई नेपाल विकास र समृद्धिको मार्गमा अघि बढ्न सक्छ ।

***-सेतोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जिम्मेवारी वहन गर्ने समय आएको छ । परोपकारी कार्यमा संलग्न भइनेछ । | **तुला** : आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर पनि जुट्ला । |
| **वृष** : आफन्तको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । | **वृश्चिक** : काममा असामान्यता देखिन सक्छ । आम्दानीमा पनि कमी आउनेछ। |
| **मिथुन** : धार्मिक, सामाजिक महत्त्वको क्षेत्रको भ्रमण हुनसक्छ । | **धनु** : परोपकारका क्षेत्रमा लगानीको समय छ । हर्ष र प्रसन्नता छाउनेछ । |
| **कर्कट** : सहयोग गर्ने भन्दा आश्वासन बाँड्नेहरू धेरै भेटिनेछन् । | **मकर** : बोलीवचनमा प्रशंसा मिल्नेछ । कार्यमा फाइदा हुने समय पनि छ । |
| **सिंह** : हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । शेयर बजारबाट लाभ हुनेछ । | **कुम्भ** : भाग्यले साथ दिनेछ । काम देखाएर अरूको मन जित्न सकिनेछ । |
| **कन्या** : वाणीमा कुशलता आउने दिन परेको छ । यात्रा गर्ने अवसर पनि जुट्नेछ। | **मीन** : प्रतिष्ठामा दाग लाग्न सक्छ । आफन्तसँग खिन्नता बढ्नसक्छ । |




कथा ● ●रुद्र बान्तवा राई

# डार्क साइकोलोजी

यति बेला म ठिक सडक बीचमा उभिएको छु । हो म त्यही सडक बीचमा छु जसले जीवनलाई एक दुरीदेखि अर्को दुरीको यात्रा तय गर्छ । भयभीत हुनुपर्ने हो तर ममा त्यो किञ्चित देखिँदैन । मेरो हातमा रगतले लतपतिएको एउटा चक्कु छ जुन म प्रत्येक पटक तरकारी काट्दा प्रयोग गर्थें । चक्कुको टुप्पो जमिनतिर सोफिएको छ । टुप्पोबाट आलै रगत जमिनमा चुहिरहेको छ तप्प .... तप्प ।

सडक सुनसान छ । रात छिप्पिंदो क्रममा छ । सडकको बत्तीको मधुरो उज्यालो छरिएको छ । सडकको छेउछाउमा साना-साना रुखहरू छन् । मन्द बतासमा ती झुमिरहेका छन् अथवा भनौं सुस्तरी हाँगासँगै पात हल्लिरहेका छन् । अहँ ! ममा रत्तीभर त्रास छैन । लाग्दछ म शून्यतामा छु । जसमा आफू हुनुको कुनै चेत छैन । कहिले लाग्दछ - म, म होइन । कोही अरू हो । किनभने म जस्तो काँतर कसरी खुङ्खार हत्यारा हुन सक्छ । म सम्झँदै छु - कस्तो बीभत्स तरिकाले एकोहोरो उसको पेटमा निरन्तर चक्कु प्रहार गरिरहें । ऊ चिच्याउँदै यसो भनिरहेको थियो, 'तिमि को हौ ? मलाई किन मारिरहेका छौ ? म तिमीलाई चिन्दिन पनि ।' ऊ यति बोल्दाबोल्दै डङ्ग्रङ्ङ ढलेथ्यो ।

यति नै बेला एउटा बिरालो 'म्याउ' गर्दै मेरो छेउ आयो र सडकमा चुहिएको रगत स्वादिलो मानेर रसपान गर्न लाग्यो । ममा त्यो बोली पनि छैन जसले गर्दा बिरालो भागोस् । खुट्टालाई चलायमान राख्न खोज्दा बिरालो झस्किएर कुलेलम ठोक्यो । बिरालो भागेसँगै मेरो आँखाले बिरालोलाई पच्छ्यायो । पच्छ्याउँदै जाँदा एउटा ठूलो घरमा पुग्यो । ठूलो घरको सानो कोठाको सेतो पर्दामा बत्तीको उज्यालो ठोक्किएको थियो । त्यो कोठाको बत्ती घरी बल्ने घरी निभ्ने क्रम चलिरहेको थियो । त्यस बखत एउटा छाया पर्दामा यताउता गरिरहेको देखिन्थ्यो । सायद उसको हातमा किताब छ र ऊ किताबमा घोत्लिइरहेको छ । उसको कद ठ्याक्कै म जत्रै छ । घुङ्रिएको कपाल घरीघरी चलाइरहन्छ मजस्तै । त्यो पर्दामा देखिएको आकृति म नै हुँ लाग्छ ।

म त्यो दृश्य चुपचाप हेरिरहेको छु । ऊ एकैछिन हरायो अनि फेरि देखियो । उसले मुखमा केही चिज लगेझैं गर्‍यो अनि मुखबाट धुवाँ उडेझैं कोठाभरी मडारियो । सायद ऊ चुरोट तान्दैछ । म त्यहीं मन्छे हुँ झैं लागिरहेछ । किनकि उसको हाउभाउ दुरुस्तै मेरो छ । के म त्यहीं मान्छे हुँ ? लाग्छ, कसैले मेरो पिछा गर्दै छ । हो मेरो पिछा गर्दै कोही मेरो नजिकै आइसकेको छ । अब मलाई पछाडिबाट कोट्याउने छ र भन्ने छ 'मैले तँलाई भेटें ।' अनि ऊ खुसीले अट्टहास हाँस्नेछ । म यति सोची नसक्दै हठात् पछाडि फर्कन्छु । पछाडि फर्कंदा सोचेझैं कोही देखिन्न । जोडजोडले धड्किरहेको मुटु ठाउँमा आयो । फेरि आँखा घुमाउँदै त्यहीं पर्दाभित्र पर्‍यो जहाँ अघि देखि म जस्तै आकृति किताब पढिरहेको छ । ठिक त्यसको तल सडकमा एउटा बुढो छाया अगाडि बढ्दै थियो । त्यसले ठूलो बोरा बोकेको छ । बोरामा खर्त्याङखुत्रुङ सामान राखेको छ । ऊ बिस्तारै आफ्नो पाइला चाल्दै छ । ठिक मेरो समानान्तरबाट अघि बढ्नै लाग्दा उसले बोरा भुइँमा राख्यो । ज्याकेटको गोजी छाम्यो अनि चुरोट निकालेर सल्कायो । निस्सन्देह, निस्फिक्री धुवाँ वातावरणमा मिल्कायो । त्यति बेला पो म झसङ्ग भएँ - जब उसको चुरोट तान्ने शैली ठ्याक्कै मेरो जस्तो भयो । हो, त्यो बुढो मान्छे मजस्तै लाग्दै छ । उसको हिंडाइ म जस्तै छ । म रन्थनिँदै गइरहेको छु । मेरो वरिपरिका आकृतिमा आफूलाई पाइरहेको छु । ओहो ! यो के भइरहेको छ ? म भित्र कालो बादल मडारिँदैछ । म कुनै अदृश्य अवयवको घेराभित्र थुनिँदैछु । लाग्दै छ म एउटा घनघोर जङ्गलको बीचमा फसेको छु । आँखा चिम्म गर्छु । आँखा चिम्म गर्दा रोमन अक्षर 'डी' 'आर' 'पी' यत्रतत्र, छरपस्ट उडिरहेका छन् । अरू अक्षरहरू पनि छन् तर प्रस्ट देखिंदैन । म अझै अचम्मित हुँदै गइरहेको छु । आँखा चिम्म गर्दा किन ती अक्षरहरू नाचिरहेको पाउँछु ? हो म कुनै भयानक चङ्गोलमा फँस्दैछु, जसको कुनै बाहिर निस्कने द्वार छैन । यस्तै यस्तै प्रश्नको उत्तर खोज्न बुढोतिर लम्किन्छु । उसको समीपमा पुगेर कोट्याउन खोज्छु । ऊ फर्केर यसो भन्छ, 'मलाई छुन मिल्दैन । अहँ ! मिल्दै मिल्दैन ।'

फेरि प्रश्नहरूले लखेट्न थाल्छन् । उसलाई किन छुन नमिल्ने ? उसलाई छुन खोज्दा किन ऊ त्यसरी रिसायो अथवा डरायो ? के उसलाई छुँदैमा उसको सर्वस्व लुटिने हो ? बिलाउने हो ? ऊ भुन्भुनिंदै अगाडि बढ्यो । रातको अँध्यारोमा एकैछिनमा ओझेल पर्‍यो । झल्याँस्स मेरो हातको चक्कुको याद आयो । चक्कुमा लागेको रगत जमिसकेछ । बल्ल चाल पाएँ । मजस्तो हाउभाउको बुढो मान्छे मदेखि किन हच्कियो ? किन डरायो ?

तर उसले मतिर एक नजर पनि हेरेको होइन । उसले कसरी थाहा पायो कि मेरो हातमा चक्कु छ भनेर ? ऊ चाल नै नपाई मदेखि डरायो ? ओहो ! कस्तो अचम्म ! होइन होइन उसले चाल पाएकै हो । नत्र किन डराएर, रिसाएर हत्तपत्त भाग्थ्यो ? हत्तपत्त बोरा बोकेर हिंड्थ्यो ? म फेरि चक्कुलाई आँखा अगाडि ल्याएर हेर्छु । चक्कुमा लत्पतिएर सुकिसकेको रगत हेर्छु ।

रगतसँगै फेरि त्यो घटना ताजा बन्छ । मैले कस्तरी त्यसको पेटमा चक्कु प्रहार गरें । उसले कुनै प्रतिरक्षा गरेन । मानौं उसैले 'मलाई मार' भनेझैं मैले प्रहार गरिरहें । अझै सम्झँदै छु । म उसको नजिक पुग्दा ऊ फोनमा बोलिरहेको थियो । मैले उसलाई पछाडिको मोहडाबाट देखेको हो । उसले सुकिलो लुगा लगाएको थियो । ऊ कोट पाइन्टमा चिटिक्क देखिन्थ्यो । जब ऊ र म आम्नेसाम्ने भयौं तब ऊ मुसुक्क मुस्कुराएथ्यो । उसलाई कुनै छनक नै थिएन कि म उसलाई चक्कु प्रहार गरेर बीभत्स तरिकाले मार्नेछु । लाग्दछ ऊ खुशी भएथ्यो जब म उसको छेउ परें । तर मैले एक्कासि उसको पेटमा चक्कु प्रहार गरें । उसको मुहारमा पिडा, दर्द, आश्चर्य एकै पटक देखियो ।

आफैलाई प्रश्न गर्दै छु - त्यस्तो शालीन, भलाद्मीलाई कस्तरी मारें । उसको मुस्कान आँखै अगाडि झलझली नाचिरहेको छ । त्यसको मुस्कान कस्तो निर्दोष थियो । कतै छलकपट देखिन्न । म त्यस बखत खुब खुशी भएको थिएँ । किनकि उसलाई सजिलै मार्न सफल भएँ । खुशीले तत्क्षण बुरुक्कै उफ्रिए झैं भएको थियो । उसको मुस्कान । ओहो ! म झसङ्ग भएँ । हो उसको मुस्कान मेरो छ । यो के भइरहेको छ ? मैले मलाई मारें ? फेरि आँखा चिम्म गर्छु । अहिले झन् रोमन अक्षरहरू बेतोडले दौडिरहेका छन् । ती मध्ये केही यस्ता थिए । 'एस' 'एल' 'जी' । ती यस्तरी दौडिरहेका छन् कि मानौं तिनीहरू म्याराथनका सहभागी हुन् । मेरो आँखा फेरि ठूलो घरको सानो कोठामा पर्छ । कोठाको बत्ती अझै बल्ने निभ्ने क्रम चलिरहेको छ । कोठामा पुग्ने फलामको भ्याङ छ जुन सर्पझैं बटारिएर अझै उँभो तन्किएको छ । भ्याङको फेद सडक छेउमा अडिएको छ । कोठाभित्र छाया अझै चलिरहेको छ । अहिले उसको एउटा हातमा किताब छ र अर्को हातमा पनि केही छ । सायद अर्को हातमा गिलास छ । उसले गिलास मुखतर्फ बढायो अनि टाउको मज्जाले झट्कायो । मानौं ऊ सोमरस पिउँदै छ ।

मलाई पनि सोमरसको तल्तल लाग्दै आयो । र त तानिँदैछु ठूलो घरको त्यहीं सानो कोठातर्फ । हुन्हुनिँदै म अगाडि बढ्दै छु । अहिले ममा छुट्टै जोश छ । छुट्टै तृष्णा छ । छुट्टै चुम्बकीय बलको प्रभाव छ । हो अहिले ममा एउटा आशक्तिको लोभ छ । जुन आशक्ति आफैमा ठूलो हुँदै होइन तर पनि.... ।

म अहिले फलामको भ्याङ उक्लँदै छु । भ्याङको रेलिङ चिसा छन् हातै ठिहिराउने । म रेलिङ समाउँदै माथि उक्लिँदैछु । जति जति म माथि उक्लँदै छु त्यति नै भ्याङ अजङको लाग्दै छ । अथवा भनौं म आफूलाई सानो हुँदै गइरहेको महसुस हुँदै छ । कस्तो अचम्म ! सडक बीचमा हुँदा पनि देखेको मैले यो भ्याङ । यस्तो विचित्रको लागेको थिएन त्यति बेला । अब मलाई भ्याङको रेलिङ समाउन पनि हम्मेहम्मे पर्दै छ । खुट्किलो चढ्न पनि गाह्रो हुँदै छ ।

बाहिरबाट देख्या यो सानो कोठा, मात्र दोस्रो तलामा थियो । तर यो के भइरहेको छ ? निकै माथि आएझैं लाग्छ आफूलाई । एक नजर तल हेर्छु । चक्कर लागेझैं हुन्छ । म त धेरै माथि कता हो कता माथि पाउँछु । बल्लैले भ्याङ चढें । अहिले म त्यहीं सानो कोठाको ठिक ढोका अगाडि उभिएको छु । तर ढोका अजङको लाग्दै छ । ढोका ढकढकाउँछु । ढोका आफै खुल्यो । ढोका खुल्ने बित्तिकै यस्तो देखियो । एउटा अजङको आकृति किताब पढिरहेको छ । उसको हातमा अझै गिलास छ । किताबको पाना पल्टिन अब धेरै बाँकी देखिन्न । किताबका पानाहरू पनि विशाल लाग्दै छन् ।

जब मेरो आँखा एक कुनामा पर्‍यो, झसङ्ग भएँ । कौतुहलताले एक्कासि थिच्यो । अचम्मित भएँ । बुढो मान्छे जसलाई केही बेर अघि मात्र भेटेको हुँ । जसको हाउभाउ ठ्याक्कै मेरो थियो । ऊ अहिले कुनामा छ । बुढो मान्छेको आकार सानो-सानो हुँदै गइरहेको छ । म पनि आफूलाई अझ सानो आकारमा परिणत हुँदै गइरहेको महसुस गर्दै छु । किताब पढिरहेको मान्छेको आकार भने बढ्दै गइरहेको छ । मैले देखिरहेको छु । बुढो मान्छे बिस्तारै हावामा उडिरहेको छ । आफू पनि बुढोलाई पच्छ्याउँदै हावामा उड्न थाल्दछु । म आफू हुनुको स्वामित्व गुमाउँदै गइरहेको छु । म बिस्तारै सूक्ष्म रूपमा परिणत हुँदैछु । मेरा अगाडि ठूलठूला अक्षर सामुन्ने भएर गुज्रिन्छन् ।

मेरो अस्तित्व बिस्तारै मेटिंदैछ । म बिस्तारै शून्यतामा बिलाउँदैछु । एक्कासि मेरा अगाडि बडेमानको रोमन अक्षर आइपुग्छन् । डी, ए, आर, के, पी, एस, वाइ, सी, एच, ओ, एल, ओ, जी, वाइ, - 'डार्क साइकोलोजी' । किताब बन्द हुन्छ । ृयात्त टेबलमा बजारिन्छ । किताबको कभरमा 'डार्क साइकोलोजी बाइ दुत्तोन टेइलर' लेखेको प्रस्ट देखिन्छ ।

*-साहित्यपोस्ट डटकम*

निबन्ध ● ● ज्ञानेन्द्र विवश

# सौन्दर्य र सुगन्ध



आज तिर्खा लागेर खोला धाएको । तृप्त भएर प्यास मेटियो । खोला खहरे पनि भेटियो । बाखाका बथान र पाठापाठी पनि देखियो । प्यास मेटाउने कति थरी पानीका मूल मुहानहरू ।

जरुवा पानीको स्वादै बेग्लै । कुवा, इनार, ट्युबेल, बोरिङका पानीको स्वाद फरक । झरना, खोला, खहरे, तालतलैयाहरूका पानीको अर्कै स्वाद । पानी त पानी नै हो, तैपनि स्वाद फरक-फरक हुने रहेछ । अरू त अरू फूलैफूलको सुनजस्तै बारी पनि पुगियो । चाँदीजस्तै बारीका पाटा पनि टेकियो । देख्नु, हेर्नु र आनन्दित हुनुको एक प्रीतिकर क्षणलाई सम्झनामा उनेर पनि राखियो ।

फूलहरू, रङहरू, रहरहरू, कहरहरू । सहरमा कहाँ भेट्नु कलिला, कमनीय मायालु रूपहरू, रङहरू ! मायाको बहानामा लुछेर, चुँडेर फाल्ने मनहरू छन् यहाँ । मायाले जोगाउने, हुर्काउने मनहरूको कमी छ यहाँ ।

फुल्नु मात्र जीवन होइन । त्यससँगै सौन्दर्य र सुगन्ध आउनुपर्छ । तर, यतिमात्रै पनि पर्याप्त हुँदैन । त्यसमा उत्सुकता जागृत हुन सक्नुपर्छ । शब्दमा जीवन खोज्दै छौं हामी । तर, जीवनबाट शब्दहरूको अभिव्यक्ति उत्पन्न गराउन सक्नुपर्छ ।

ज्ञान भएर मात्र पनि हुँदैन । सम्प्रेषण, संवाद र सञ्चार पनि हामीले गर्न सक्नुपर्छ । ज्ञान तटस्थ भएर बस्छ, हामीले त्यसलाई 'एक्टिभ' गराउन सक्नुपर्छ । यस्तो जीवन फुलेको फूलजस्तै सुन्दर र सुगन्धमय हुन्छ ।

जसले हामीलाई सधैँ सकारात्मक सोच र सिर्जनाको धनी बनाउँछ । परन्तु, आज हामीमा नकारात्मक विचारले बास बस्दा जीवन तनाव र हैरानीले व्यथित छ । यसबाट मुक्त हुन हरेक क्षण हामीले खुसी र सन्तुष्टि महसुस गरिरहनुपर्छ । तब फूल फुल्नुको उपलब्धि र सुगन्ध बाँड्नुको ध्येय पनि पूर्ण हुन्छ ।

फुल्नु र उड्नु परिवर्तनको एक नियमित प्रक्रिया । सकारात्मक सन्देश र परिणामको दसी । ऐन मौका मौलाउँछन् अनेक अनुभूतिका आलेखहरू ! मुर्झाउँछन् मौन रहेका चेतनतत्त्व । अनि, पुष्पित र पल्लवित हुन थाल्छन् जिन्दगीका नवीनतम् खुसीका अभिव्यक्तिहरू । फुल्नुको उपलब्धि फुल्नुमै मात्र सीमित भइरहनु उचित होइन । फुलिसकेपछि उसको सुन्दरतम् कर्तव्य 'शोभायमान' हुनु । जस्तो कि प्राय: फूलले पवित्र कर्मको कर्तव्य पूरा गर्छ । माला बनेर गलामा सजिनु त सामान्य भयो ।

भगवान्को शिर र पाउमा समेत फूलले महत्त्वपूर्ण स्थान पाउँछ । कति भाग्यमानी फूल ! तब फूल फुल्नुको सार्थक स्वरूप छर्लंग हुन्छ, जब फूलको सौन्दर्य र सुगन्धका साथै फूल 'प्रसाद' बनेर एक दिव्य सनातन संस्कृतिको प्रतिनिधित्व गर्छ ।

त्यसैले हरेक परिवर्तन र कर्महरू हाम्रा जीवन-संस्कृतिका धरोहर हुन् । फुलेर खुसीका मुस्कान बाँडिरहेका परागहरू । फुल्नुको परिवर्तन र खुसीको मुस्कान बाँड्नुको कर्महरू । परिवर्तनले सुधार ल्याउँछ । परिवर्तनले राम्रोपन सिर्जना गर्नुपर्छ । परिवर्तन भइरहन्छ, भइरहनु नै यसको विशेषता । परिवर्तन शून्यत जीवन शून्य हो ।

राम्रोका लागि हुन्छ परिवर्तन । सकारात्मक परिणामका लागि परिवर्तन हुन्छ । कहिलेकाहीँ परिवर्तनले नराम्रो परिणाम पनि ल्याउँछ । तर, त्यसलाई सहज रूपमा ग्रहण गरी बरु त्यसबाट हुने सम्भावित जोखिम थाहा पाउने कोसिस गर्नुपर्छ । यसो गरिँदा भवितव्यको भयबाट मुक्त हुन सजिलो हुन्छ ।

वास्तवमा परिवर्तन प्राकृतिक कुरा हो । यो प्रक्रिया सधैँ भइरहेको हुन्छ । परिवर्तनलाई हामीले व्यवस्थापन गर्न सक्नुपर्छ । व्यवस्थित परिवर्तनले खुसियालीको वातावरण निम्त्याउँछ । खुसी र सुख भन्ने कुरा हाम्रै बोली, व्यवहार र आनीबानीमा भर पर्छ ।

जीवनमा कहिल्यै कोही पनि सुख र खुसीमा मात्रै आनन्दित भइरहेको हुँदैन । सुखी मानिस झन् बढी अनेकौं पीडा र तनावले ग्रस्त भइरहेको हुन्छ । दु:खी मानिस बरु हाँसेर बाँचिरहेको हुन्छ ।

यस्तोमा फूलले दु:खी मनहरूलाई सान्त्वना दिन्छ । किनकि, काँडैकाँडाका बीच हुर्केर, बढेर पनि फूलले आफ्नो मौलिकता कायम राखेको हुन्छ । कुनै कमी हुँदैन रङ, रूप र सुगन्धमा । घामले पोले पनि असिना, झरीले पिटे पनि । कोपिला फक्रिहाल्छ, फुलिहाल्छ फूल ।

फुलेपछि कति सन्तुष्टि र सुख ! त्यही सन्तुष्टि र सुख हामीलाई बाँड्छ । आफ्नो खुसी अरूलाई बाँडेर आनन्दित हुने, धन्य फूल ! हामी पनि आफ्ना तनाव र पीडाहरू फूलको सौन्दर्य देखेर बिर्सिने कोसिस गर्छौं । फूलका अनेक रङ र सुगन्धले लट्ठिन्छौं । यता, परेवा-पक्षीका उन्मुक्त उडान वास्तवमा खुसी जिन्दगीको अभिव्यक्ति । सुन्दर परिवर्तन र सुखद जीवनको विम्ब । कुनै पनि सौन्दर्य अन्तर्मनदेखिको साँचो आवरण हो । त्यही आवरण हेरेर व्यक्ति र वस्तुका सारतत्त्व हामी महसुस गर्छौं ।

अन्तत: फुल्नु र उड्नुको अर्थ परिवर्तनको एक नियमित निरन्तरता । जसले हामीलाई अलग्ग ज्ञानको सागरमा लैजान्छ । त्यहाँ हामी बल्ल आफूलाई चिन्ने प्रयत्नमा लाग्छौं । र, विस्तारै हामीभित्रका ज्ञानचक्षु बाहिरसम्म विस्तारित हुने कोसिसमा लाग्छन् ।

फलत: हामी पनि उन्नति-प्रगतिको चुली-चुचुरामा पुगेर यौटा आह्लादित स्वप्न-संसारमा हराउँछौं । यसरी हराउनुमा अलग्गै सुख मिल्छ । यसरी अलग्ग सुखमै सांसारिक आनन्द भेटिन्छ । यसकै निम्ति मरिहत्ते । यही प्राप्तिमा हत्तेहैरानी । भेट्नुसँगै बचाउनु र जोगाउनुको उपक्रम थाल्नुपर्ने भएको छ । यौटा अभियान संरक्षणको । यौटा आन्दोलन सुरक्षाको ।

अलिकति बाँकी राखौँ चिनोचपेटा, चिर्कटो भए पनि । सबै सिध्याए, जिलीगाँठी समाप्त पारिदिए के बाँकी रहन्छ र, रहँदैन केही । नरहेपछि के देख्नु, के भेट्नु आफ्नै पाइला-पदचापहरू !

गुराँस फुल्ने अलिकति पाखो, उन्युँ उम्रिने अलिकति खोल्सो, डाँफे नाच्ने, मयूर रमाउने वनपाखा । सुनाखरी, गुनकेसरी, पारिजात, बेगमबेली आदि अनेकौं फूलहरू । यी सबैको अस्तित्व बाँकी नराखी सकेपछि केही रहँदैन चिनोबानो ।

बरु, चौतारा, पँधेरो, भञ्ज्याङको बिसौनी । अलिकति सुसेली, बयली र गोधूलिका गुनगुन बाँकी राखौं जतनले भोलिका निम्ति । जतनले जोगाऔं हाम्रै आफ्नै सन्ततिका लागि । *-बाह्रखरी डटकम*

## 'म एउटा सडक'



*विमला पाण्डे*

परिचय छैन, समान्य छु देख्दा
मजाक बन्न सक्छु मेरो बारे लेख्दा ।।
कसैको घर म, कसैको नहर
कसैको न्यानो रवाख म कसैको भर ।।
म बाँधिएछु गरिबीको अंगाँलोमा
किनकी म कसैको आश्रय हुँ सङ्गालोमा ।।
हिडेका पाइलाले भन्दा थकाइका
पाइलाले धेरै बुझ्छन् मलाई ।।
मनको वह पनि म सँग पोख्छन्
रोदनसँग एक्लोपन सुनाउनु कसलाई ।।
म एउटा बाटो कुनै अस्तित्व छैन ,
घर विहिनको लागि महल भन्दा कम छैन् ।।
प्रयोजनमा छैन मेरो महत्व खास
परिस्थितिले थाकेकाको  लागि म चम्किलो आश ।।

# ‘अर्गानिक’ उत्पादन र बजारीकरण गर्न सम्झौता




**अर्घाखाँची,** जेठ ३०/ अर्घाखाँचीका किसानले उत्पादन गरेका अर्गानिक कृषिजन्य वस्तुको बजारीकरणमा अब समस्या नहुने भएको छ । यसका लागि जनता एग्रो एण्ड फरेष्टी लिमिटेड काठमाडौँले अर्घाखाँचीको सन्धिखर्क नगरपालिका र पाणिनी गाउँपालिकासँग सम्झौत गरेको छ । ती दुई स्थानीय तहबाट उत्पादित अर्गानिक कृषिजन्य वस्तुको समर्थन मूल्यमा बजारीकरण सो कम्पनीले जिम्मेवारी पनि लिएको छ ।

सन्धिखर्क नगरपालिकाका कृषि शाखा प्रमुख राजेन्द्र भट्टराईले कृषि उपज वस्तुको कम्पनीले उचित मूल्यमा खरिद गर्ने जानकारी दिए । पालिका तहमा विभिन्न समूह बनाइ उत्पादन कार्य गरी समूहसँग सम्झौता गरी आर्थिक उपार्जन र उत्पादनको कार्यमा अगाडि बढ्ने सन्धिखर्क नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए । सम्झौता पत्रमा सन्धिखर्क नगरपालिकाको तर्फबाट नगरप्रमुख श्रेष्ठ, पाणिनि गाउँपालिकाको तर्फबाट उपाध्यक्ष नर्मदा पौडेल र जनता एग्रो एण्ड फरेष्टी लिमिटेडको तर्फबाट कम्पनीका अध्यक्ष पवनकुमार गोल्यानले हस्ताक्षर गरेका थिए । जनता एग्रो एण्ड फरेष्टी लिमिटेड काठमाडौँले उत्पादन गरेका वस्तु बिक्री गर्ने गरी सन्धिखर्कमा रहेको साथी बहुद्देश्यीय सहकारी संस्था लिमिटेडले समझौता गरेको छ ।

व्यावसायिक कृषिका माध्यमबाट उचित मूल्य र बजार प्रवर्द्धनका लागि सम्झौतापछि जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले कम्पनीले बजारीकरणको जिम्मेवारी, विश्वासनियता कायम गरे अर्घाखाँची जिल्लामा अझै धेरै कृषिजन्य वस्तुको उत्पादनमा वृद्धि हुने बताए । जिल्लामा धेरै कार्यक्रम गरे पनि सफल नभएकाले यो कार्यक्रम किसानको बिचमा विश्वासका साथ अगाडि बढाउन कम्पनीलाई उनले आग्रह गरे । सन्धिखर्क नगरपालिकाका नगरप्रमुख श्रेष्ठले माटो, पानी, वातावरणका साथै किसानको मागका अधारमा अगाडि बढाउने बताए । उनले भने, ‘गाउँ गाउँमा किसान समूह गठन गरेर अगाडि बढ्दै छौँ, पालिकाले व्यावसायिक रुपमा गर्ने किसानका लागि यान्त्रिकरण, बीउँविजन, प्राविधिक विज्ञ सहयोग गर्दैछौँ, यो कार्यक्रममा हुने खेतीलाई जंगली जनावरले असर पार्दैन । अब रोजगारका लागि विदेश गएका युवालाई समेत स्वदेश फर्काउने गरी अभियानकै रुपमा हामी अगाडि बढ्ने छौँ ।’ किसानको आयआर्जनमा वृद्धि, अर्गानीक खेती, विभिन्न उत्पादन प्रक्रिया र बजारीकरणमा जोड्ने गरी कम्पनी अगाडि बढेको जनता एग्रो फरेष्टिका अध्यक्ष गोल्यानले बताए ।

किसानको क्षमता अभिवृद्धि नीति निमार्णमा र वातावरणीय परिवर्तनमा सहयोग गर्ने समेत उद्देश्य रहेको छ । कम्पनीले दुई पालिकामा समूहमार्फत उत्पादन भएका अदुवा, बेसार, टिमुर, कफी, दाते ओखर, छुर्पी, गाईको घीउ खरिद गर्ने जनाउँदै कम्पनीको मुख्य उद्देश्य स्थानीय कच्चापदार्थको प्रयोग, स्थानीय उत्पादन, रैथाने बाली प्रबर्द्धन र सामूहिकतामा आर्थिक विकास र समृद्धि रहेको कम्पनीका उपाध्यक्ष भोजबहादुर शाहले बताए । *-रासस*

## रामपुरको नीति...

...कार्यक्रममा १ का पूर्व वडा अध्यक्ष मित्रलाल कंडेलले दिगो विकास र आवश्यकताको पहिचान गरेर अगाडि बढ्न आग्रह गर्दै वातावरण अनुसारको कृषि खेती प्रणाली लागु गर्न आवश्यक रहेको बताए । यस्तै ३ का निवर्तमान वडा अध्यक्ष दिनेश खनालले कृषिमा आधुनिकिकरणको नीति अवलम्बन गर्न सुझाए । ५ का निवर्तमान वडा अध्यक्ष हिमाल मल्लले रोजगार सिर्जना गर्ने खालका कार्यक्रम ल्याउनु पर्ने जोड दिए । छलफल कार्यक्रममा ८ का निवर्तमान वडाध्यक्ष बोम बहादुर नामजालीले रामपुरको महिमालाई जोड दिदै पर्यटन प्रवर्द्धनको नीति लागु गर्न आवश्यक रहेको उल्लेख गरे ।

यस्तै १० का निवर्तमान वडा अध्यक्ष लिलबहादुर गाहाले पहुँच मार्गलाई प्राथमिकतामा राखेर योजना सञ्चालन गर्न सुझाए । यसैगरी रामपुर नगरपालिकाका सल्लहाकार फणेश्वर गौतमले नगरको विकासका लागि तिनै तहका सरकारबिच समन्वय गर्दै कृषि र पर्यटनको विकास गर्न आवश्यक रहेकोमा जोड दिए ।

यस्तै नगर सल्लाहकार राम प्रसाद गैरेले आर्थिक समृद्धिसँगै आत्मनिर्भर बनाउने खालका कार्यक्रम सञ्चालन गर्न सुझाव दिए । छलफलमा नेपाल पत्रकार महासंघ पाल्पाका सदस्य सुनिल कार्कीले रामपुर अनेकन सम्भावना बोकेको नगरपालिका भएको भन्दै प्रचार-प्रसारसँगै समुन्नत विकास गर्न आग्रह गरे । छलफल कार्यक्रममा बोल्दै रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले नीति तथा कार्यक्रम राम्रो भए उपलब्धी हासिल हुने भन्दै आवश्यकता अनुसार संकलित सुझावलाई कार्यान्वय गर्ने प्रतिवद्धता व्यक्त गरे । नगर प्रमुख रमण बहादुर थापाले सहभागीहरुको सुझावलाई आत्मसाथ गरेर नीति तथा कार्यक्रम ल्याइने बताए । नगर सरकारले बनाउने नीति तथा कार्यक्रम जनतामुखी हुने र कार्यान्वयनमा आफुहरु तदारुकताका साथ लाग्ने बताए ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

खेलकुद समाचार

## विश्वकप : नामिबियालाई हराउँदै अस्ट्रेलिया सुपर आठमा



**काठमाडौं,** जेठ २९/टी-२० आईसीसी टी-२० विश्वकप क्रिकेटको वुधबार बिहान भएको खेलमा अस्ट्रेलियाले नामिबियालाई नौ विकेटले हराएको छ । जितसँगै अस्ट्रेलिया नवौँ विश्वकप क्रिकेटको सुपर आठमा पुगेको छ ।


नामिबियाले जितका लागि दिएको ७३ रनको सामान्य लक्ष्य अस्ट्रेलियाले ५ ओभर ४ बलमा एक विकेट गुमाएर भेट्टायो । उसका डेभिड वार्नरले २० रन बनाए । त्यस्तै ट्रभिस हेडले ३४ र कप्तान मिचेल मार्सले अविजित १८ रन बनाए । नामिबियाका डेभिड विसेले एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको नामिबिया १७ ओभरमा ७२ रनमा अलआउट भएको थियो । नामिबियाका कप्तान जेरहार्ड एरास्मसले सर्वाधिक ३६ रन बनाए । अस्ट्रेलियाका एडम जाम्पाले चार विकेट लिए ।

समूह ‘बी’ मा रहेको अस्ट्रेलिया तीन खेलमा ६ अङ्कसहित तालिकाको शीर्ष स्थानमा छ । तीन खेलमा पाँच अङ्क रहेको स्कटल्यान्ड दोस्रो र तीन खेलमा दुई अङ्क रहेको नामिबिया तेस्रो स्थानमा छ । दुई खेलमा एक अङ्क रहेको इङ्गल्यान्ड चौथो र ओमान तीन खेलमा अङ्कविहिन हुँदै पाँचौँ स्थानमा छ । यसअघि समूह ‘डी’ बाट दक्षिण अफ्रिका सुपर आठमा पुगिसकेको छ । वुधबार राति नेपाली समयअनुसार सवा ८ बजे आयोजक अमेरिका र भारत खेल्दैछन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## सुनको मूल्य बढ्यो




**पाल्पा,** जेठ ३०/नेपाली बजारमा बुधबार सुनचाँदीको मूल्य बढेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार बुधबार छापावाल सुनको मूल्य तोलामा ६०० ले बढेर १ लाख ४१ हजार ६०० रुपैयाँमा कारोबार भएको हो । यसअघि आइतबारदेखि मंगलबारसम्म सुनको मूल्य स्थिर रहँदै १ लाख ४१ हजार रुपैयाँमा कारोबार भएको थियो । त्यस्तै बुधबार तेजाबी सुनको मूल्य प्रतितोला १ लाख ४० हजार ९०० रुपैयाँ कायम भएको छ । यस्तै, चाँदीको मूल्यमा पनि सामान्य वृद्धि भएको छ । बुधबार चाँदी तोलामा ५ रुपैयाँले बढेर १ हजार ८ सय २० रुपैयाँमा कारोबार भइरहेको महासंघले जनाएको छ ।

कृषि ज्ञान केन्द्र पाल्पाको अनुरोध
- बिषादी प्रयोग गर्नु पूर्व प्राविधिकको अनिवार्य सल्लाह लिनुहोस् ।
- तालिम प्राप्त र ईजाजतपत्र प्राप्त विषादी खुद्रा बिक्रेताहरूबाट मात्र विषादी खरिद गर्नुहोस् ।
- विषादी खरिद गर्दा पंजिकृत, सुरक्षित र प्रभावकारी विषादी छान्नुहोस् ।
- पंजिकरण नभएका र प्रतिवन्धित विषादी बारे जानकारी राख्नुहोस् र त्यस्ता विषादी खरिद नगर्नुहोस् ।
- विषादीको सुरक्षित तरिकाले भण्डारण गर्नुहोस् र बालबच्चहरूको पहुँच देखि टाढा राख्नुहोस् ।
- सही विषादी, सही मात्रामा, सही समयमा र सही तरिकाले प्रयोग गर्नुहोस् ।
- विषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस् ।
- विषादी प्रयोग गरिसके पछि पर्खनु पर्ने समय व्यतित नभएसम्म बाली टिपेर खाने र बेच्ने नगर्नुहोस् ।
- भण्डारणमा लाग्ने रोग कीरा नियन्त्रणका लागि सकभर स्थानीय प्रविधि अवलम्वन गर्नुहोस् ।
कृषि ज्ञान केन्द्र
पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्राई, सम्पादक:जगदीशप्रसाद भट्राई